श्री

# राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. ३०७**

**पुनरावेदन नं. ०७६-RB-०११८**

**मुद्दाः– अग्रिम कर (२०६९/०७०)**

काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा लाजिम्पाट स्थित श्री एभरेष्ट बैंक लिमिटेडको अख्तियार प्राप्त सहायक महाप्रबन्धक केशवराज पौडेल..................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर...........................................१} प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री वलराम रिज्याल

शुरु निर्णय मितिः- २०७४।०३।२२

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं

निर्णय गर्ने अधिकारीः- महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः- २०७६।०५।०६

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान बरिष्ठ अधिबक्ता श्री तुलसी भट्ट

- विद्वान अधिबक्ता श्री सुरज श्रेष्ठ

प्रत्यर्थी कार्यालयका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीर× :**

ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०३।२२ मा भएको अग्रिम कर माग गर्ने

निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७६।०५।०६ को निर्णय उपर राजस्व राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम करदाताको तर्फबाट पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. करदाता एभरेष्ट बैक लिमिटेडले आ.व. २०६९/०७० को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७०/०८/२० मा आय विवरण पेश गरेको।

२. आ.व. २०६९/०७० को पूर्ण कर परीक्षणको सिलसिलामा करदाताको खर्च भुक्तानी विवरण तथा वित्तीय विवरण समेतको प्रमाणहरू छानविन गरी सो समेतको आधारमा पेश हुन आएको कर परीक्षण प्रतिवेदन अनुसार करदाताको आ.व. २०६९/०७० मा श्रोतमा करकट्टी गरी दाखिला नगरेको कर रकम रु.३६,२२,२६६।- (शुल्क र व्याज सहित) माग गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने कुनै आधार र कारण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन, २०५८ दफा ९०(८) बमोजिम अग्रिम कर रकम दाखिला गर्ने बारेको आधार र कारण समेत खुलाई मिति २०७४।०३।०५ मा सुचना जारी गरेको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४।०३।०५ मा जारी भएको सूचना करदाताले मिति २०७५।०३।०८ मा बुझी लिई सोको लिखित जवाफ मिति २०७५।०३।२२ मा पेश गरेको ।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट जारी भएको अग्रिम कर कट्टी सम्बन्धी सुचनाका बुँदाहरुमा कुनै परिवर्तन गर्नुपर्ने नदेखिएकोले सोही बमोजिम करदाताको आ.ब. २०६९/०७० को लागि आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम रु.३६,२२,२६६।- अग्रिम कर दाखिला गर्न करदातालाई आदेश दिने भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४/०३/२२ मा खडा भएको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७४/०३/२२ मा जारी गरेको आ.व. २०६९/०७० को अग्रिम कर तर्फको आदेशमा चित्त नबुझी एभरेष्ट बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४/०५/२१ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. आयकर ऐन, २०५८ को दफा ८७ तथा ८(२)(छ) बमोजिम पोशाक वापतको खर्च कर्मचारीको आयमा समावेश गरी अग्रिम करकट्टी गरी दाखिला गर्नुपर्ने, लेखापरीक्षण कार्य कै लागि भएको खर्च जस्तै लेखापरीक्षण शुल्क र लेखापरीक्षणसंग सम्बन्धित अन्य खर्चलाई एकमुष्ट भुक्तानी मानी अग्रिम करकट्टी गर्नुपर्ने एवं आयकर ऐन तथा निर्देशिकाको प्रावधान अनुसार निवेदक बैंकले पारिश्रमिक कर गणना गर्दा दम्पति सुविधा लिएको महिला कर्मचारीलाई दिएको कर सुविधा रकम कट्टी गरी कम कर दाखिला गरेको कारण नपुग कर रकम माग गर्ने र आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (४) को खण्ड (ख) बमोजिम बासिन्दा बैंक वा अरु वासिन्दा वित्तीय संस्थालाई तिरेको व्याजमा कर कट्टी गर्नु पर्ने उल्लेख भएको तर साना किसान सहकारी संस्था लि. बैंक तथा वित्तीय संस्था सम्बन्धी कार्य नगर्ने र संस्थागत आयकर समेत बैंक तथा वित्तीय संस्था सरह नलाग्ने हुनाले आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (४) को खण्ड (ख) आकर्षित हुने देखिदैन। तसर्थ यो संस्थालाई भुक्तानी गरेको व्याजमा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिमको अग्रिम कर, दफा ११९ बमोजिम व्याज र दफा १२०(क) बमोजिमको शुल्क समेत माग गर्ने गरेको शुरु कार्यालयबाट भएको निर्णय मिलेको देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०५।०६ मा भएको निर्णय।

७. करदाताले प्रदान गरेको पोशाक वापतको खर्च कर्मचारीको आयमा समावेश गरी अग्रिम करकट्टी गरी दाखिला गर्नुपर्ने, लेखापरीक्षण कार्यमा भएको खर्चमा अग्रिम करकट्टी गर्नुपर्ने, बैंकको महिला कर्मचारीलाई दिएको कर सुविधा रकममा एवं ब्याज भुक्तानीमा अग्रिम माग गर्ने गरी गरेको अग्रिम कर निर्धारण मिलेको नदेखिँदा ठुला करदाता कार्यालयबाट आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम भएको अग्रिम कर, दफा ११९ बमोजिम व्याज तथा दफा १२०(क) बमोजिम शुल्क समेत माग गर्ने गरेको आदेश र सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय नियमसँगत नदेखिएको हुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाता एभरेष्ट बैंक लिमिटेडका तर्फबाट मिति २०७६/०९/०९ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि सहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७६।११।२३ को यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री एभरेष्ट बैंक लिमिटेडका तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री तुलसी भट्ट र विद्वान अधिवक्ता श्री सुरज श्रेष्ठले करदाता बैंकले आ.ब. २०६९।७० मा कर्मचारीलाई प्रदान गरेको पोशाक वापतको खर्च, लेखापरीक्षण सम्बन्धी कार्यमा भएको खर्च, महिला कर्मचारीलाई दिएको कर सुविधा रकममा एवं साना किसान सहकारी संस्था लिमिटेडलाई गरेको ब्याज भुक्तानीमा अग्रिम कर माग गर्ने गरी ठूला करदाता कार्यालयबाट भएको आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय कानुन विपरीत भई त्रुटिपुर्ण हुँदा बदर गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

१०. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाडौका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले आ.ब. २०६९।७० को लागि शुरु कार्यालयबाट करदाताको हकमा अग्रिम कर माग गर्ने गरी गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानुनसम्मत हुँदा सदर कायम हुनु पर्छ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठुला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा अग्रिम कर माग गर्ने गरी भएको आदेश र सो आदेशलाई सदर गर्नेगरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१२. निर्णय तर्फ विचार गर्दा, करदाताले पोशाक वापत कर्मचारीलाई बार्षिक रूपमा सिधै रकम उपलब्ध गराउने नभई बैंकले पोशाक नै खरिद गरी वरिष्ठ सहायक तह सम्मका कर्मचारीलाई कार्यालय प्रयोजनको लागि उपलब्ध गराए वापत खर्च दावी गरिएको रकमलाई आयकर ऐन, २०५८ को दफा ८ बमोजिम रोजगारीको आयमा समावेश गरी अग्रिम कर माग गरिएको गैरकानुनी भएको भन्ने पहिलो पुनरावेदन जिकिर रहेको देखियो। करदाताले पेश गरेको कर्मचारीको तलव तथा भत्ताको विवरणमा आयकर ऐन, २०५८ को दफा ८ बमोजिम पोशाक भत्ता रू.५८,०४,१४२।- कर्मचारीहरूको लागि पोशाक वापत खर्च लेखेको पाइयो। ठूला करदाता कार्यालय ललितपुरले आयकर ऐन, २०५८ को दफा ८७ तथा दफा ८(२)(छ) बमोजिम सम्बन्धित कर्मचारीको रोजगारी आयमा समावेश गरी कर कट्टी गर्नुपर्ने भनी अग्रिम कर माग गरेको देखियो। आयकर ऐन, २०५८ को दफा ८ को उपदफा (२) को खण्ड (क) मा "ज्याला, तलव, विदा वापतको रकम, अतिरिक्त

समय काम गरेको वापतको रकम, शुल्क कमिशन पुरस्कार उपहार वोनस र अन्य सुविधाहरु वापतको भुक्तानी भन्ने उल्लेख भएको देखिन्छ" भने खण्ड (ख) मा "महङ्गी भत्ता, जिवन निर्वाह खर्च, भाडा, मनोरञ्जन वा यातायात भत्ता वापतको रकम लगायत कुनै पनि व्यक्तिगत भत्ताका भुक्तानी" भन्ने उल्लेख भएको पाइयो। उल्लिखित दुवै खण्डमा पोशाक खर्च उल्लेख भएको देखिदैन। पोशाक कर्मचारीको व्यक्तिगत प्रकृतिको सुविधा जस्तो देखिए पनि करदाता बैंकवाट व्यक्तिगत भत्ताको रुपमा रकम भुक्तानी गरेको देखिदैन। आय गणना गर्ने प्रयोजनको लागि घरेलु वा व्यक्तिगत प्रकृतिका खर्च कट्टी गर्न नपाइने भए तापनि आयकर ऐन, २०५८ को दफा २१ को उपदफा (३) को स्पष्टीकरण खण्ड (क) को प्रकरण (१) को (ग) मा "काम गर्दाको समय वाहेक अन्य समयमा लगाउन उपयुक्त नभएका लुगा वाहेक प्राकृतिक व्यक्तिका लागि लुगाको खरिद गर्न भएको खर्च" भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। पुनरावेदक बैंकले वरिष्ठ सहायक तह सम्मका कर्मचारीले कार्यालयमा उपस्थित हुँदा तथा दैनिक जिम्मेवारी वहन गर्दा अनिवार्य रूपमा यसरी दिईएको पोशाकको प्रयोग गर्नु पर्ने देखिन्छ। यसले वैकमा ग्राहकहरूको उपस्थिति हुने काउण्टरहरूमा Dress Code पालना हुनुको साथै वैंकमा काम विशेषले ग्राहकहरू आउदा पनि सहज रूपमा पहिचान गर्न सक्ने, बैंककै व्यवसाय तथा आय आर्जनमा सहयोग पुर्‍याउने, पोशाकमा गरेको खर्च बैंकले आफ्नो शाख अभिवृद्धि गर्न, कर्मचारीलाई सुसज्जित एवं अनुशासित राखी पोशाकद्वारा वैंक प्रतिविम्बित होस भन्ने हेतुले खर्च गरेको देखिँदा यस्तो खर्च वापत भएको भुक्तानीमा रू.३०,४७,१७३।- अग्रिम कर माग गरेको निर्णय कानुन सम्मत देखिन आएन।

१३. करदाताको दोस्रो पुनरावेदन जिकीर लेखा परीक्षण खर्चमा अग्रिम कर कट्टी गर्न नपर्ने भन्ने रहेको देखियो। करदाता एभरेष्ट बैंक लिमिटेडको आ.व.२०६९/०७० मा लेखा परीक्षण शुल्क सम्बन्धी अन्य खर्च समेत भनी रु.११,०६,८७५।- आय विवरणमा देखाई खर्च दावी गरेको देखिन्छ। सो मध्ये लेखा परीक्षण शुल्क रु.२,२५,०००।– र लेखापरीक्षण अन्य खर्च रु.८,८१,८७५।- चिया, नास्ता, भ्रमण आदीमा भएको खर्च भएकोले अग्रिम कर कट्टी नगरेको भन्ने करदाताको जिकिर रहेको पाईयो। आयकर निर्देशिका, २०६६ (संशोधन,२०७३) सहितको पृष्ठ संख्या ३२२ को अन्तिम अनुच्छेदमा "परामर्श दिने वा सेवा सुविधा उपलब्ध गराउने व्यक्तिले परामर्श दिने वा सेवा शुल्क गणना गर्दा सेवा शुल्कको अतिरिक्त रात्री होटल खर्च आदि शिर्षक समावेश गरी कुल प्राप्त गर्ने सेवा शुल्कको गणना भएको छ भने सेवा प्रदान गर्ने व्यक्तिले सेवा प्रदान गर्ने सन्दर्भमा भएका त्यस्ता खर्च सेवा प्रदान गर्ने व्यक्तिको खर्च भएकोले सो कटाई सेवा शुल्क गणना गर्न पाईदैन" र सोही अनुच्छेदको अन्तिम बाक्यमा "सेवा प्रदायकले सेवा प्रदान गर्ने सम्बन्धमा विभिन्न शिर्षकहरू कटाई प्राप्त गरेको छ भने पनि सोलाई एकमुष्ट सेवा शुल्कको रूपमा

भुक्तानी मानी अग्रिम कर कट्टी गर्नु पर्दछ" भन्ने उल्लेख भएको पाईन्छ। करदाताले चिया, नास्ता, भ्रमण आदिमा भएको खर्चलाई प्रशासनिक खर्चमा समावेश गरी खर्च कट्टीको दावी नगरी लेखा परीक्षण शुल्कसँग सम्बन्धित अन्य खर्च भन्ने शीर्षकमा समावेश गरेको मूल्य अभिबृद्धि कर बाहेक रू.५,५४,५०८।- को मात्र अग्रिम करकट्टा गरी दाखिल गरेको र रु. ५,५२,२९७।- को अग्रिम कर कट्टी नगरेको तथ्य स्थापित देखियो। करदाताले भुक्तानी गरेको लेखा परीक्षण अन्य खर्च रु.८,८१,८७५।- पनि लेखा परीक्षण शुल्क सरह लेखा परीक्षकलाई गरिएको भुक्तानी हुँदा भुक्तानीकै वखत आयकर ऐन, २०५८ को दफा ८८(१) वमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने नै देखिँदा करदाताको उक्त पुनरावदेन जिकीरसँग सहमत हुन सकिएन।

१४. करदाताको तेस्रो पुनरावेदन जिकीर महिला कर्मचारीको कर छुट सम्बन्धी रहेको पाइन्छ। दम्पत्ती सुविधा लिएको महिला कर्मचारीलाई दिएको कर सुविधा रकम रु.८८,६६३।- मा कम कर दाखिला गरेको भन्ने ठूला करदाता कार्यालयको निष्कर्ष देखिन्छ। आयकर ऐन, २०५८ को दफा ४ सँग सम्बन्धी अनुसुची १ को दफा १ को उपदफा (११) मा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै वासिन्दा प्राकृतिक व्यक्ति पारिश्रमिक आय मात्र आर्जन गर्ने महिला रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिले तिर्नुपर्ने कर रकममा दश प्रतिशत छुट हुनेछ भन्ने स्पष्ट कानुनी व्यवस्था रहेको देखिन्छ। उक्त दफा वमोजिम वासिन्दा प्राकृतिक व्यक्ति महिलाको पारिश्रमिक आयको साथमा अन्य आय समेत भएमा त्यस्तो छुट नपाउने शर्त आयकर निर्देशिका, २०६६ मा रहेको भएपनि दम्पत्तीको सुविधा लिएकोमा दश प्रतिशत कर छुट नपाउने गरी ऐनले बाहेक गरेको पाइएन। ऐनमा नभएको शर्त निर्देशिकामा थप गरी कानुन वमोजिमको सुविधावाट वञ्चित गर्न न्यायोचित हुने नदेखिँदा यो शीर्षकमा माग भएको अग्रिम कर सम्वन्धी ठूला करदाता कार्यालयको निर्णयलाई कानुन सम्मत मान्न मिलेन।

१५. पुनरावेदक करदाताले अग्रिम करमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको मिलेन भनी लिएको अन्तिम पुनरावेदन जिकीर सम्बन्धमा हेर्दा, आयकर ऐन, २०५८ को दफा १२० मा "कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ"भन्ने कानुनी व्यवस्था गर्दै खण्ड (क) मा "जानाजानी वा लापरवाहीपूर्वक गरेको नभई भूलवश झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत" भन्ने कानुनी व्यवस्था गरिएको पाईयो। यो व्यवस्था करदाताले झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गरेको प्रष्ट भएमा त्यस वापत जरिवाना सरह लाग्ने शुल्क

देखिन्छ। आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) मा "तथा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा कर कट्टी नगरेकोमा दफा १२० वमोजिमको शुल्क समेत" भन्ने अंश आर्थिक ऐन, २०७७ बाट मात्र थप भएको देखिन आयो। यसरी अग्रिम कर कट्टी गर्ने भुक्तानीमा दफा १२० को शुल्क लाग्ने कानुनी व्यवस्था हुनु भन्दा अघिको आ.व. २०६९/०७० को हकमा मिति २०७४।०३।२२ मा अग्रिम कर माग गर्दा दफा १२०(क) को शुल्क समेत गणना गरी कर निर्धारण गरेको आदेशमा कानुनको पश्चातदर्शी असर (Retrospective Effect) पर्ने गरी प्रयोग गरेको त्रुटी समेत विद्यमान देखिँदा सोहदसम्म उक्त निर्णय न्यायोचित देखिएन।

१६. तसर्थः माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता एभरेष्ट बैंक लिमिटेड (स्थायी लेखा न. ५००१०६४९५) को आ.ब. २०६९/०७० को आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम ठूला करदाता कार्यालय ललितपुरबाट अग्रिम कर माग गर्दा मिति २०७४।०३।२२ मा पोशाक र महिला कर्मचारीलाई हुने कर छुटको रकममा समेत अग्रिम कर माग गरेको र अग्रिम करको रकममा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क समेत निर्धारण गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०५।०६ मा भएको निर्णय समेत सो हदसम्म न्यायोचित नदेखिँदा केही उल्टी हुने ठहर्छ। अन्य शीर्षकको हकमा करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसील</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम करदाता एभरेष्ट बैंक लिमिटेडको आ.ब. २०६९/०७० को आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम ठूला करदाता कार्यालय ललितपुरबाट अग्रिम कर माग गर्दा मिति २०७४।०३।२२ मा पोशाक र महिला कर्मचारीलाई हुने कर छुटको रकममा समेत अग्रिम कर माग गरेको र अग्रिम करको रकममा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क समेत निर्धारण गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०५।०६ मा भएको निर्णय समेत सो हदसम्म न्यायोचित नदेखिँदा केही उल्टी हुने ठहरेकोले सो वापतमा करदाताले फिर्ता पाउने रकम हिसाब गरी फिर्ता दिनु वा आगामी आ.ब.को हिसाबमा मिलान गर्नु भनी ठूला करदाता कार्यालयमा लेखी पठाईदिनू।
२. फैसलाको प्रतिलिपी जानकारीको लागि बिशेष सरकारी वकीलको कार्यालयलाई दिनू।

३. सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू।

४. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

५. यस मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठुला करदाता कार्यालयमा पठाई र रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः श्री भिष्म भट्टराई

इतिसम्बत २०७९ साल चैत्र २८ गते रोज ३ शुभम.............................

प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप